# पाठ - 3

# الدرس الثالث - نيبالي

## दिसा पिशाब गर्ने शिष्टाचार

## آداب قضاء الحاجة

**दिसा पिशाब गर्ने तरिका यस अनुसार छन :**

१ - शौचालयमा जाँदा पहिला आफ्नो देब्रे खुट्टा भित्र राख्ने, र प्रवेश गर्नु भन्दा पहिले यो भन्ने :

بسم الله، اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنَ الْخُبُثِ وَالْخَبَائِثِ

**बिस्मिल्लाहि अल्लाहुम्म इन्नी अऊजुबिक मिनल खुबुसी वल खबाइस,**

अल्लाहको नामबाट, हे अल्लाह ! म दुष्ट पापी पुरुष जिन्न, र नराम्रो महिला जिन्नहरुबाट तपाईको शरण चाहन्छु । र बाहिर आउँदा आफ्नो दायाँ खुट्टा बाहिर राख्ने र यो भन्ने غفرانك

**(गुफरानक)** हे अल्लाह! म तपाईको क्षमा चाहन्छु ।

२ - शौचालयमा जाँदा साथमा कुनै यस्ता वस्तु न राख्ने जसमा अल्लाहको नाम छ, तर यदि हराउने खतरा छ भने केहि फरक पर्दैन

३ - मरुभुमि, चौरमा दिसा गर्ने समयमा काबा तिर नत मुख गर्ने नत पिठ, तर कोठा भित्र यस्तो जायज छ तर कोठा भित्र पनि बाच्नु उचित र राम्रो कुरा हो ।

४ - मानिसहरु सित गुप्ताङ्गको पर्दा गर्ने र त्यसमा कुनै प्रकारको अल्छिपना र सुस्ति नगर्ने, पुरुषको पर्दाको ठाउँ चाहिं नाइटो देखि घुँडा सम्म हुन्छ, र महिलाको पुरा शरिर नै पर्दा हुन्छ, ।

५ - शरीर र लुगामा दिसा पिशाब लाग्न न दिने।

६ - दिसा पिशाब गरिसके पछि पानीले राम्रो सँग सफा गर्ने, वा कागतको रुमाल (tissue) वा ढुंगाको प्रयोग गर्ने, र बायाँ हातले सफा गर्ने ।